नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(कर्मचारी प्रशासन तथा आन्तरिक ब्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७४/०७५
चलानी नं.: ४४९८

मिति २०७४।१०।०९

विषय आवश्यक निर्देशन सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।
श्री महानगरकार्यपालिका/उपमहानगरकार्यपालिका/नगरकार्यपालिकाको कार्यालय, सबै ।
श्री गाउँकार्यपालिकाको कार्यालय, सबै ।

उपरोक्त विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) कोमिति २०७४।१०।०३ गतेको निर्णयानुसार नेपालको संविधानको धारा २८८ को उपधारा (३) वमोजिम प्रदेशको कार्यशंचालन गर्न क्रमश: प्रदेश नं. १ को विराटनगर, प्रदेश नं. २ को जनकपुर, प्रदेश नं. ३ को हेटौडा, प्रदेश नं. ४ को पोखरा, प्रदेश नं. ५ को बुटवाल, प्रदेश नं. ६ को सुर्खेत र प्रदेश नं. ७ को धनगढी तोकिएको र उक्त निर्णयानुसार प्रदेश प्रमुखको कार्यालय प्रदेशसभा, सचिवालय, मुख्यन्त्री तथा प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय र अन्य मन्त्रालयहरु लगायतका कार्यालयहरु संचालन गर्ने प्रयोजनका लागि प्रस्तावित गरिएको कार्यालय भवन/संरचना उपलब्ध गराउन तहा मन्त्रालय मातहत सम्वद्ध निकायहरुलाई आवश्यक निर्देशन हुन अनुरोध गर्दछु । सथै यसरी कार्यालय भवन/ संरचना उपलब्ध गराए पछि सम्वन्धित कार्यालय प्रमुखलाई क्षेत्रीय प्रशासक/प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरी बैकलपिक ब्यवस्था मिलाई तत् तत् कार्यालयको कार्यसंचालन गर्न निर्देशन दिनु हुन समेत अनुरोध गर्दछु भनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३४७७, मिति २०७४।१०।०५ को पत्रवाट लेखि आएको हुदा सो अनुसार गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

वोधार्थ
श्री सूचना तथा विधुतिय शासन शाखा: *Website* मा राखि दिनु हुन ।